मिति: २०८१/०७/१४
समय: बिहानको ८:०० बजे

आज मिति २०८१ साल कार्तिक महिनाको १४ गते सोमबारका दिन यस गोकर्णेश्वर नगरपालिकाका नगर प्रमुख श्री दिपक कुमार रिसालज्यूको अध्यक्षतामा गोकर्णेश्वर नगर कार्यपालिकाको सत्ताइसौं बैठक देहाय बमोजिमका सदस्यहरुको उपस्थितिमा बस्यो ।

उपस्थिति:

| क.सं. | पद | नामथर | कार्यपालिका पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | नगर प्रमुख | श्री दिपक कुमार रिसाल | अध्यक्ष | |
| २. | नगर उप-प्रमुख | श्री सान्नानी लामा | सदस्य | |
| ३. | वडा अध्यक्ष वडा नं. १ | श्री द्धारिका श्रेष्ठ | सदस्य | |
| ४. | वडा अध्यक्ष वडा नं. २ | श्री मधु तामाङ | सदस्य | |
| ५. | वडा अध्यक्ष वडा नं. ३ | श्री मुरारी प्रसाद कुइकेल | सदस्य | |
| ६. | वडा अध्यक्ष वडा नं. ४ | श्री जयराम महत | सदस्य | |
| ७. | वडा अध्यक्ष वडा नं. ५ | श्री नारायण बहादुर सुवेदी | सदस्य | |
| ८. | वडा अध्यक्ष वडा नं. ६ | श्री नवराज लामा | सदस्य | |
| ९. | वडा अध्यक्ष वडा नं. ७ | श्री केशव गुरुङ | सदस्य | |
| १०. | वडा अध्यक्ष वडा नं. ८ | श्री नन्दलाल श्रेष्ठ | सदस्य | |
| ११. | वडा अध्यक्ष वडा नं. ९ | श्री राजिब थापा | सदस्य | |
| १२. | कार्यपालिका सदस्य | सुश्री लक्ष्मी भण्डारी | सदस्य | |
| १३. | कार्यपालिका सदस्य | श्री सोविता मिजार | सदस्य | |
| १४. | कार्यपालिका सदस्य | श्री गौरी माया श्रेष्ठ | सदस्य | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १५. | कार्यपालिका सदस्य | श्री माया तामाङ | सदस्य | |
| १६. | कार्यपालिका सदस्य | श्री सिता दर्जी | सदस्य | |
| १७. | कार्यपालिका सदस्य | श्री पासाङ वाङ्चु शेर्पा (ह्योल्मो) | सदस्य | |
| १८. | कार्यपालिका सदस्य | श्री देवी माया लिम्वु | सदस्य | |
| १९. | कार्यपालिका सदस्य | श्री हरिवहादुर वि.क. | सदस्य | |
| २०. | प्रमुख प्रशासकीय अधिकृत | श्री यामनारायण गौली | सचिव | |

आमन्त्रित उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | ~~उपसचिव, अधिकृतस्तर दशौं श्री डम्डपाणी शर्मा~~ | |
| २. | योजना, अनुगमन शाखा | अधिकृत आठौं, मिनराज कोइराला | |
| ३. | आ.प्र.शाखा प्रमुख | लेखा अधिकृत, अधिकृतस्तर सातौं श्री रामजी रायमाझी | |
| ४. | स्वास्थ शाखा प्रमुख | अधिकृत स्तर सातौं श्री हरी प्रसाद उपाध्याय | |
| ५. | राजस्व शाखा | अधिकृत स्तर सातौं श्री नारायण पुरी | |
| ६. | प्राविधक शाखा | अधिकृत स्तर सातौं श्री सुम्नीमा राई | |
| ७. | प्रशासन शाखा प्रमुख | अधिकृत छैटौं श्री भूपेन्द्र वोहरा | |
| ८. | सूचना प्रविधि शाखा | अधिकृत छैटौं श्री कुन्ता श्रेष्ठ | |
| ९. | प्रशासन शाखा | प्रा.स. रामबाबु बस्नेत | |
| १० | प्रशासन शाखा | कम्प्युटर सहायक चौथो, मालती भण्डारी | |

Scanned with CamScanner

**गोकर्णेश्वर नगरपालिकाको मिति २०८१/०७/१४ गतेको सत्ताइसौंकार्यपालिका बैठकको निर्णय ।**

**निर्णय नं.१:-** कार्यविधि सम्बन्धमा:

नगरपालिकाका लागि आवश्यक " मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण सम्बन्धी कार्यविधि, २०८१ र रात्रीकालिन होटल तथा मनोरञ्जनात्मक व्यावसाय सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.२:-** चाडवाडको अवसरमा हुन सक्ने कालोबजारी र शान्ती सुरक्षा सम्बन्धी सचेतना सम्बन्धमा ।

शुभदिपावली एवं छठ पर्व, २०८१ चाडवाडको अवसरमा हुन सक्ने कालोबजारी र शान्ति सुरक्षालाई ध्यानमा राखी नगर प्रहरी परिचालन अनुगमन र सचेतना फैलाउन माइकिङ गर्ने र शान्ती सुरक्षालाई कायम राख प्रहरी संग समन्वय गरी आवश्यक कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं.३:-** विपद् व्यवस्थापन कोषमा रकम व्यवस्थापन गर्ने सम्बन्धमा:

आ.ब. ०८१/०८२ को नगर स्तरीय पूजिगत तर्फको भैपरी आउने पूजिगत खर्च शिर्षकबाट रकमान्तर गरी विपद् व्यवस्थापन कोषमा रु.२५,००,०००/- रकम व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:-** सम्पत्ती कर र बहाल कर सम्बन्धमा:

यस नगरपालिकाको प्राय घरहरु वहालमा लगाएको तर वहाल कर संकलन कार्य करको दर घटाउँदा पनि अपेक्षाकृ प्रगति हुन नसकेकोले वडा तथा नगरपालिका कार्यालयबाट सम्पति कर लिंदा अनिवार्य रुपमा घर वहाल कर समेत लिने र करको दायरा विस्तार एवं कर विविधिकरणका सम्बन्धमा प्रचार प्रसार तथा कर सचेतनाका लागि वडा कार्यालयहरुलाई परिपत्र गर्ने र पालिका स्तरमा कर सचेतनाका सम्वन्धमा अभियान सन्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:-** अनुमोदन सम्बन्धमा:

आ.ब.०८१/०८२ को अशोज २२ गते देखि कार्तिक १३ गते सम्मका देहाय बमोजिम (क) उप प्रमुख कार्यक्रमबाट भएको खर्च , (ख) नगर प्रमुख कार्यक्रमबाट भएको खर्च र (ग) असाध्य रोग अनुदान एवं विपन्न उपचार सहयोग शिर्षकबाट भएका खर्चहरु अनुमोदन गरियो ।



Scanned with CamScanner

गोकर्णेश्वर नगरपालिकाको मिति २०८१/०७/१४ गतेको सत्ताइसौंकार्यपालिका बैठकको निर्णय ।

क) उपप्रमुख कोषबाट

| क्र.स. | विवरण | वापत | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | दूत मिडिया प्रा.लि. | विज्ञापन सन्देशमूलक सुचना प्रकाशन | १००००/- | |

ख) नगर प्रमुख कोषबाट

| क्र.स. | विवरण | वापत | रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | मौलिक नेपाल प्रा.लि. | नगरपालिकाको फोटोग्राफि सहित पोस्टर निर्माण | २०००००/- | |
| २ | बैकुण्ठ महत | लिङ्गेपिङ्ग हाल्न | १००००/- | |
| ३ | नागरिक क्रियसन प्रा.लि. | नागरिक अर्वाड तथा श्रष्टा सम्मान कार्यक्रम वापत | ९९०००/- | |
| ४ | देबेन्द्र प्रसाद प्रसाई | आर्थिक सहयोग वापत | ३०००/- | |
| ५ | विरवल दास | आर्थिक सहयोग वापत | ३०००/- | |
| ६ | जहरसिंपौवा युवा क्लब | फुटवल प्रतियोगिता कार्यक्रम संचालन वापत | १०००००/- | |
| ७ | जेष्ठ नागरिक समाज माकलवारीं गोकर्णेश्वर | जेष्ठ नागरिक दिवस संचालन वापत | ८००००/- | |
| ८ | राष्ट्रिय शहिद तथा शान्ति पार्क | शहिद पार्कमा टिकट काउन्टर तथा फर्निचर वापत | ७९५४०/- | |
| ९ | दैनिक सुपर मार्ट प्रा.लि. | राहात वितरण वापतको खानेतेल सामाग्रि वितरण वापत | ४६०००/- | |
| १० | नेपाल शिक्षक महासंघ | कविता प्रतियोगिता संचालन वापत | ५००००/- | |
| ११ | केशव प्रसाद भण्डारि | वृक्षारोपण कार्यक्रममा कार्य गरेवापत | ५९८००/- | |
| १२ | न्युज समायोजन | रक्तदान कार्यक्रम संचालन वापत | २००००/- | |

ग) असाध्य रोग अनुदान एवं विपन्न उपचार सहयोग

| क्र.स. | बिरामिको नामथर | उपचार वापतको रकम | कैफियत |
|---|---|---|---|
| १ | राम बहादुर तामाङ्ग | २५०००/- | |
| २ | विवेक तामाङ्ग | २००००/- | |
| ३ | मान कुमारी सुनुवार | २५०००/- | |
| ४ | रेनुका भर्ताल | १५०००/- | |
| ६ | सन्तोष के.सी. | २००००/- | |
| ७ | कृष्ण राम ठाकुर | २००००/- | |
| ८ | धर्मदास श्रेष्ठ | १५०००/- | |



Scanned with CamScanner

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८१/०७/१४ गतेको सत्ताइसौंकार्यपालिका बैठकको निर्णय ।*

निर्णय नं.६:- विविध सम्बन्धमाः

६.१) यस नगरपालिकाका विद्यार्थीहरु समेत अध्ययन गर्ने छिमेकी नगरपालिका कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ३ मा अवस्थित सहिद आदर्श क्यामपसको नव निर्मित भवनकालागि फर्निचरका लागि आ.ब. ०८१/०८२ को नगर स्तरीय प्रशासन, योजना तथा अनुगमन र आर्थिक प्रशासन शिर्षकबाट खर्च लेखिने गरी रु.२,००,०००/- सहिद आदर्श क्याम्पसलाई उपलब्ध गराउने निर्णय गरियो ।

६.२) आ.ब. ०८१/०८२ को नगर स्तरीय पशु सेवा कार्यक्रम अन्तर्गत गाइबाच्छा संरक्षण शिर्षकबा खर्च लेखिने गरी देहाय बमोजिमका संस्थाहरुलाई अनुदान उपलब्ध गराउने निर्णय गरियो ।

देहायः

क) सामुदायीक कुकुर कल्याण केन्द्र, गो.न.पा.-३, सुन्ताखानलाई रु.१,००,०००/-

ख) गौ सेवा नेपाल केन्द्र, गो.न.पा.-३, बालुवालाई रु.५०,०००/-

ग) श्रीज रेस्क्यु एनिमल नेपाल, गो.न.पा. ३ बालुवालाई रु.१,००,०००/-

घ) असहाय गाई बाच्छा संरक्षण अभियान संस्थालाई रु.१,००,०००/-

६.३) आ.ब.०८१/०८२ को लागि संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रम शसर्त अनुदान तर्फको काठमाडौं जिल्ला गोकर्णेश्वर ४ उत्तरबाहिनी चोकबाट उत्तरबाहिनी कान्ति भैरव जानेबाटो स्तरोन्नति रु.३०,००,०००/- को योजना संचालन गर्न स्थानीय स्तरमा गठित श्री उत्तरबाहिनी कान्ति भैरव सडक निर्माण उपभोक्ता समितिलाई सम्झौता गरी दिन मिति २०८१/०६/२३ मा वडा कार्यालयले समेत सिफारिस गरी पठाएकोले उल्लेखित योजना श्री उत्तरबाहिनी कान्ति भैरव सडक निर्माण उपभोक्ता समिति संग सम्झौता गरी संचालन गर्ने निर्णय गरियो ।

६.४) यस नगरपालिकाको मिति २०७९/३/२५ गतेको नवौं नगर सभाबाट पारिश्रमिक तोकि मिति २०८०/३/२० गतेको एघारौं नगरसभावाट पारिश्रमिक शंसोधनको निर्णय बमोजिम नगर कार्यपालिका कार्यालयमा नगर प्रमुख र नगर उप प्रमुखको स्वकीय सचिव र कानुनी सल्लाहकार र नगरपालिकाको कानुनी सल्लाहकारमा समेतको जिम्मेवारीमा सेवा दिइरहनु भएका अधिवक्ताहरु श्री विनय कुमार पण्डित, श्री राधिका लामिछाने, श्री गोपाल प्रसाद भण्डारी , श्री योगेन्द्र मान सिंह र श्री राजेन्द्र भण्डारि को सेवा निरन्तरता गर्न नसकिएकोले आगामी १४ औं नगर सभाबाट अनुमोदन गर्ने गरी हाललाई मिति २०८१ साल श्रावण १ देखि लागू हुने गरी अधिवक्ताहरुलाई स्वकीय सचिव तथा कानुनी सल्लाहकारमा निरन्तरता नगर्ने र सो को जानकारी निजहरुलाई गराइने निर्णय गरियो ।

Scanned with
CamScanner

*गोकर्णेश्वर नगरपालिकाको मिति २०८१/०७/१४ गतेको सत्ताइसौंकार्यपालिका बैठकको निर्णय ।*

६.५) आ.ब.०८१/०८२ को नगर स्तरीय नगर गौरवका योजनाहरु अन्तर्गतको वडा नं. १ गराडोल कभर्ड हल रु.५०,००,०००/- को योजना स्थानीय स्तरमा गठीत गराडोल कभर्ड हल निर्माण उपभोक्ता समिति मार्फत संचालन गर्ने निर्णय गरियो ।

६.६) आ.ब.०८१/०८२ को नगर स्तरीय नगर विशेष पूर्वाधार, अन्य सार्वजनिक निर्माण तथा कार्यक्रमको पूँजिगत तर्फको सडक पेटी स्तरोन्नती तथा हरियाली प्रवर्धन रु.५०,००,०००/- को योजना उपभोक्ता समिति मार्फत संचालन गर्ने निर्णय गरियो ।

६.७) आ.ब.०८१/०८२ को नगर स्तरीय नगर विशेष पूर्वाधार, अन्य सार्वजनिक निर्माण तथा कार्यक्रमको पूँजिगत तर्फको नगर भित्रका सहलगानी ५०% /५०% (जनसहभागीता) शिर्षकबाट खर्च लेखिने नगरपालिकाको तर्फबाट रु.९,००,०००/- विनियोजन गरी वडा नं.२ दावा शेर्पाको घर देखि दिपेन जोशीको घर सम्म जाने बाटो स्तरोन्ती योजना उपभोक्ता समितिको तर्फबाट ५०% र नगरपालिकाको तर्फबाट ५०% लागतमा संचालन गर्ने निर्णय गरियो ।

६.८) आ.ब.०८१/०८२ को नगर स्तरीय भाषा धर्म संस्कृति तथा पर्यटन तर्फको स्थानीय विभिन्न जात्रा पर्व धर्म संस्कृति शिर्षकबाट खर्च लेखिने गरी नेपाल सम्बत ११४५ को दिन न्हुँ दया भिन्तुना मोटरसाइकल र्याली संचालन तथा व्यवस्थापनका लागि रु.५,००,०००/- गो. न.पा.४ स्थित गोकर्णेश्वर युवा उपकार क्लवलाई उपलब्ध गराउने निर्णय गरियो

६.९) यस नगरपालिकाले आ.व. २०८१।०८२ मा ढुङ्गा गिट्टी बालुवा उत्खनन तथा निकासी गर्नका लागि गरिएको IEE को प्रतिवेदन अनुसार ढुङ्गा, गिट्टी र वालुवा बगाएर ल्याउने ठुलो प्रकृतिको नदी नभई साँघुरो चौडाई भएको खहरे रहेको एंव त्यस्ता खहरेहरु सानो क्षेत्रफलमा करिब १० वटा जति रहेको साथै खहरेको बहाव परिवर्तन समेत भइरहने र खहरे संगै जोडएका आवदी जग्गाहरुमा समेत नदी जन्य पदार्थ जम्मा हुने हुँदा प्रतिवेदनमा उलेलेखित परिमाणमा उत्खनन गर्नका लागि क्षेत्र निर्धारणमा जटिलता रहेको एवं उक्त क्षेत्रमा निकुञ्जको मध्यवर्ति क्षेत्रको सिमा समेत पर्ने हुँदा तत्काल उत्खनन कार्य गर्दा जोखिम वढी हुने साथै खोलाको चौडाई र गहिराई अनावश्यक रुपमा बढ्न गई व्यक्तिगत जग्गामा समेत क्षति हुन सक्ने देखिएको हुँदा उत्खनन कार्य लागि ठेक्का लगाउन मनासिव नदेखिएकोले गत आ.व २०८०।०८१ को फाल्गुन महिनामा चार महिनाको लागि ढुङ्गा, गिट्टी, वालुवा निकासी गर्दा लाग्ने कर संकलन गर्न रु १ करोड २५ लाख कर बाहेक ठेक्का नपरेकोले चालु आ.व. को बाँकी आठ महिनाको लागि रु १ करोड ५० लाख कर बाहेक निकासी कर संकलनको ठेक्का मात्र लगाउन राजस्व परामर्श समितिको मिति २०८१/०७/१२ को बैठकले निर्णय गरी सिफारिस गरे बमोजिम कर बाहेक रु.१ करोड ५०लाख (बढाबढमा) ढुङ्गा, गिट्टी, माटो र बालुवा निकासी कर संकलनको ठेक्का आवहान को सूचना प्रकाशन गरी ठेक्का प्रकृया अघि बढाउने निर्णय गरियो ।



Scanned with CamScanner